# १०५ औँ नगर कार्यपालिका बैठक (२०८१।१०।१५गते) को निर्णयहरु:

१. **गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा :-**

नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेको र केही निर्णयहरु कार्यान्वयनको चरणमा रहेको।

LISA र FRA को नतिजा सार्वजनिक गरिएको।

निर्णयहरु:

२. **जाल्पादेवी बालुवा प्रशोधन उद्योग कम्पनी प्रा.लि.सञ्चालन अनुमति सम्बन्धमा:-**

खानी तथा भूगर्भ विभाग कपूरधारामार्ग, लैनचौर, काठमाडौंको च.नं.१२६४ मिति २०८१।०८।२८ को प्राप्त पत्रानुसार जाल्पादेवी बालुवा प्रशोधन उद्योग कम्पनी प्रा.लि.बेलकोटगढी न.पा.७ रातमाटे, नुवाकोटलाई विदुर नगरपालिका वडा नं.३ मा रहेको ०.२५ वर्ग कि.मि.क्षेत्रफलमा बालुवा खानीमा विभिन्न सर्तराखी उत्खनन् गर्न अनुमति दिइएको र सङ्घीय सरकारबाट जारी गरिएको ढुङ्गा,गिट्टी बालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ५ को उपदफा १ र खानी तथा खनिजजन्य पदार्थ ऐन, २०४२ र ऐन नियमावली, २०५६ (चौथो संशोधन सहित) बमोजिम साधारण निर्माणमुखि खनिजको हकमा नियम ३६ बमोजिम सोही नियमावलीको अनुसुची १३ को ढाँचामा खानीबाट ढुङ्गा,गिट्टी बालुवा जस्ता साधारण निर्माणजन्य पदार्थ उत्खनन् तथा संकलन गर्ने कार्य प्रचलित कानून र खानी तथा भूगर्भ विभागले तोकेको क्षेत्रबाटमात्र उक्त पत्रमा उल्लिखित सर्त र वि.न.पा.ले तोकेको सर्त बमोजिम उत्खनन् तथा संकलन कार्य गर्ने गरी जाल्पादेवी बालुवा प्रशोधन उद्योग प्रा.लि.लाई राजश्व अग्रिम भुक्तानी लिएर अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गियो।

**विविध:**

क) जेरियाट्रिक (ज्येष्ठ नागरिक) स्वास्थ्य सेवा संचालन सम्बन्धमा

ख) अनुगमन र फरफारक समितिको २०८१ पुस महिनको प्रतिवेदन सम्बन्धमा

ग) आ.व.०८१/०८२ भुक्तानी सम्बन्धमा

घ) लागत साझेदारीमा छोटो अवधिको सिपमूलक तालिम सचालन सम्बन्धमा

क) जेरियाट्रिक (ज्येष्ठ नागरिक) स्वास्थ्य सेवा संचालन सम्बन्धमा: नुवाकोट जिल्ला, साविक विदुर नगरपालिका वडा नं.९ हाल विदुर नगरपालिका वडा नं.५ मा पर्ने कि.नं.५७२ को क्षेत्रफल २-६-३-१ जग्गा धनी भैरबी गुठी र मोही कृषि उपकेन्द्र र कि.नं.५७३ क्षेत्रफल ३-१२-२-३ जग्गाको जग्गाधनी भैरबी गुठी र मोही पशु विकास चिकित्सालय, नुवाकोटको नाममा दर्ता भएको हाल विदुर नगरपालिका वडा नं.५ मा रहेको उक्त जग्गामा जेरियाट्रिक (ज्येष्ठ नागरिक) स्वास्थ्य सेवा संचालनको लागि अस्पताल निर्माण गर्न सम्बन्धित स्थानबाट सार्वजनिक सुनुवाईको

निर्णयसमेत भई आएकोले सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति,२०७९ अनुसार जिल्ला प्रशासन कार्यालय, विदुर, नुवाकोटलाई लेखी पठाउने निर्णय गरियो।

ख) अनुगमन फरफारक समितिको प्रतिवेदन सम्बन्धमा:
यस कार्यालयको स्वीकृत कार्यक्रम अन्तर्गत अनुगमन समिति र फरफारक समितिले २०८१ पौष महिनाको मासिक रुपमा अनुगमन गरी फरफारक भएका कार्यक्रमको प्राप्त प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

ग) आ.व.०८१/०८२ को रकम भुक्तानी सम्बन्धमा:
आर्थिक वर्ष ०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत योजना शाखाबाट सम्झौता भएका योजना मध्ये एक लाखसम्मको योजनाको पुरै भुक्तानी दिने र बाँकी योजनाको सम्बन्धमा हाललाई ६६% प्रतिशत रकम भुक्तानी दिने निर्णय गरियो।

घ) लागत साझेदारीमा छोटो अवधिको सीपमूलक तालिम संचालन सम्बन्धमा :
प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषद्, हेटौंडा, मकवानपुरको मिति २०८१।१०।१५ को प्रकाशित सूचना अनुसार प्रस्ताव माग भएको छोटो अवधिको सीपमूलक तालिम कार्यक्रम संचालनका लागि नगरपालिकाबाट बेहोर्नु पर्ने लागत साझेदारी बापतको रकम ४०% स्रोत सुनिश्चित गर्ने निर्णय गरियो।

बैठक संख्या: १०६ (एक सय छ)
समय: दिनको १:०० बजे

आज मिति २०८१ फागुन ११ गते आइतवारका दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बावु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री बिन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |